नेपाल खानेपानी संस्थान

प्रधान कार्यालय, त्रिपुरेश्वर ।

## उत्कृष्ट र अनुकरणीय कार्य गर्ने तथा उत्कृष्ट र प्रशंसनीय काम गर्ने कर्मचारीहरुको छनौट गर्ने मादपण्ड - २०८२

प्रस्तावना :

नेपाल खानेपानी संस्थान, कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०८१ को विनियम १४७ मा प्रोत्साहन पुरस्कार सम्बन्धी व्यवस्था रहेको छ । संस्थानको वार्षिकोत्सवको अवसरमा उष्कृष्ट, अनुकरणीय र प्रशंसनीय काम गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्नको लागि सोही विनियमको उपविनियम ५ मा "उत्कृष्ट र प्रशंसनीय काम गर्ने कर्मचारी छनौट गर्नको लागि समितिले मापदण्ड निर्धारण गर्नेछ" भन्ने उल्लेख रहेको हुँदा उत्कृष्ट, अनुकरणीय र प्रशंसनीय कार्य गर्ने कर्मचारी छनौट गर्ने मापदण्ड तयार गर्न वाञ्छनीय भएकोले यो मापदण्ड "उत्कृष्ट र अनुकरणीय कार्य गर्ने तथा उत्कृष्ट र प्रशंसनीय काम गर्ने कर्मचारीहरुको छनौट गर्ने मादपण्ड" २०८२ तयार गरेको छ ।

१) संक्षिप्त नाम र परिचय : उत्कृष्ट र अनुकरणीय कार्य गर्ने तथा उत्कृष्ट र प्रशंसनीय काम गर्ने कर्मचारीहरुको छनौट गर्नको लागि नेपाल खानेपानी संस्थान कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०८१ को विनियम १४७ मा उल्लेख भए अनुसारको प्रोत्साहन, पुरस्कारको व्यवस्था गर्न यो मापदण्ड तयार गरिएको छ ।

२) उद्देश्य : नेपाल खानेपानी संस्थान कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०८१ को विनियम १४७ मा उल्लेख भए अनुसारको उत्कृष्ट र अनुकरणीय कार्य गर्ने तथा उत्कृष्ट र प्रशंसनीय काम गर्ने स्थायी वा करारका कर्मचारीहरुलाई यो मापदण्ड अनुसार पुरस्कृत गरिने उद्देश्य रहेको छ ।

३) क्षेत्र : नेपाल खानेपानी संस्थानको प्रधान कार्यालय, शाखा कार्यालय, उप शाखा कार्यालय र आयोजनामा कार्यरत स्थायी वा करार कर्मचारीहरुलाई यो मापदण्डले समेट्ने छ ।

४) मापदण्ड लागु हुने मिति : यो मापदण्ड नेपाल खानेपानी संस्थानको संचालक समितिबाट स्वीकृती भएको मिति देखि लागु हुनेछ ।

५) उत्कृष्ट र अनुकरणीय कार्य गर्ने तथा उत्कृष्ट र प्रशंसनीय काम गर्ने कर्मचारीहरुलाइ संस्थानको वार्षिकोत्सवमा पुरस्कृत गर्दा तपसिल बमोजिमको मापदण्ड अनुसार गरिनेछ ।

तपसिल

- पुरस्कृत हुने कर्मचारीहरु स्थायी वा करार हुन सक्नेछन् । कार्य सम्पादन मूल्यांकनमा अति उत्तम रहेको, कार्य क्षमता र कार्य दक्षताको आधारमा कार्यालयले सिफारिस गर्नुपर्नेछ । छनौट हुने कर्मचारी ज्येष्ठता, लगनशिलता, कर्तब्यनिष्ठ र ब्यवसायिक दक्षता भएको हुनुपर्ने ।
- विषय वस्तुको ज्ञान, कार्य सम्पादन परिमाण, सम्पादित कामको गुणस्तर, निर्देशन अनुसार काम गर्न सक्ने क्षमता, इमान्दारिता र नैतिकता, अन्तर वैयक्तिक स्वभाव र ब्यवहार, सजकता र गोपनियता राख्न सक्ने क्षमता, कामको शिघ्रता र सृजनशिलता, कार्यालयमा उपस्थित समय र समय पालन, अनुशासन, शिष्टता भएको कर्मचारी हुनुपर्नेछ ।

महाप्रबन्धक

- विगत दुई वर्ष भित्र कार्यालयले कुनै स्पष्टीकरण, नसोधिएको एवं सचेत नगराएको हुनुपर्नेछ ।
- पुरस्कृत हुने कर्मचारी विभागीय कारवाहीमा नपरेको हुनुपर्नेछ ।
- संस्थानको जिन्सी/नगद हानी नोक्सानी नगरेको हुनुपर्नेछ ।
- आफ्नो जिम्मामा रहेको काम छिटो छरितो सम्पन्न गरी समयमा पेश गर्ने कर्मचारी हुनुपर्नेछ ।
- नियमित कामहरु अग्रसरताद्वारा सम्पादन गरेको एवम् नयाँ रुपले विशेष काम गरेको हुनुपर्नेछ ।
- संस्थानको प्रगतिको लागि सबैभन्दा उत्कृष्ट र अनुकरणीय कार्य गर्ने १ जना स्थायी कर्मचारीलाई रु. २५,०००।- सम्मको "सर्वोकृष्ट संस्थान सेवा" पुरस्कारबाट सम्मान गरिनेछ ।
- उत्कृष्ट र प्रशंसनीय काम गर्ने बढीमा १५ (पन्ध्र) जना कर्मचारीहरुलाई विनियमावलीमा व्यवस्था भए अनुसार महाप्रवन्धकले बढीमा ३,०००।- र सचालक समितिले बढीमा रु. ५,०००।- सम्म पुरस्कार दिन सक्नेछ ।
- कार्यरत स्थायी र करार कर्मचारीहरुलाई प्रधान कार्यालयको सम्बन्धित महाशाखा प्रमुखको सिफारिसबाट समेत पुरस्कृत गर्न बाधा पर्ने छैन ।
- "सर्वोकृष्ट सस्थान सेवा" पुरस्कारको लागि वार्षिकोत्सव कमिटीले वर्णानुक्रम अनुसार बढीमा ३ जना स्थायी कर्मचारीहरुको नाम सिफारिस गर्न सकिनेछ ।
- "सर्वोकृष्ट संस्थान सेवा" पुरस्कारको लागि सिफारिस भई आएका ३ जना कर्मचारीहरु मध्ये महाप्रवन्धकले छनौट गरी १ जनालाई पुरस्कृत गर्न समितिमा सिफारिस गर्नेछ ।
- समितिको निर्णय पश्चात् मात्र "सर्वोकृष्ट संस्थान सेवा" पुरस्कारबाट कर्मचारी पुरस्कृत हुनेछ ।
- पुरस्कार संस्थानको वार्षिकोत्सवको दिन प्रदान गरिनेछ ।
- "सर्वोकृष्ट संस्थान सेवा" प्राप्त गर्ने कर्मचारीको विवरण संस्थानको वेभ साईटमा राखिनेछ ।
- "सर्वोकृष्ट संस्थान सेवा" पुरस्कार प्राप्त गर्नको लागि कम्तीमा संस्थानमा १० वर्ष स्थायी सेवा अवधि पुरा भएको हुनुपर्नेछ ।
- असाधारण विदा/अध्ययन विदामा रहेका कर्मचारीहरु सो आ.व.मा पुरस्कृत हुने छैन ।
- माथि उल्लेखित पुरस्कारको राशीमा कर्मचारी विनियमावलीमा संशोधन हुँदा परिमार्जन भएमा पुरस्कारको राशी तथा पुरस्कृत हुने कर्मचारीहरुको संख्या सोही अनुसार यो मापदण्ड स्वतः परिमार्जन भएको मानिने छ ।
- उत्कृष्ट र अनुकरणीय कार्य गर्ने तथा उत्कृष्ट र प्रशंसनीय काम गर्ने कर्मचारी पुरस्कृत हुनको लागि प्रत्येक शाखा, उपशाखा तथा आयोजना कार्यालयहरुले सबै सेवा समूह तथा

महाप्रबन्धक

कार्यक्षेत्रका कर्मचारीहरु समेटिने गरी सिफारिस गरि वार्षिक उत्सव कमिटीमा आईपुग्ने गरी पठाउनु पर्नेछ ।

- शाखा, उपशाखा, आयोजना कार्यालयबाट सिफारिस भई आएका उत्कृष्ट र अनुकरणीय कार्य गर्ने तथा उत्कृष्ट र प्रशंसनीय काम गर्ने कर्मचारीको छनौटको सिफारिस गर्न वार्षिकोत्सव कमिटीमा प्राप्त भएका कर्मचारीहरुो नामावलीमा आवश्यक भएमा संशोधन गरी सिफारिस गर्न प्रधान कार्यालयमा ईन्जिनियरिङ महाशाखा प्रमुखको संयोजकत्वमा महाशाखा प्रमुखहरु रहेको कमिटीमा पेश गर्नुपर्नेछ । सो कमिटीले पुरस्कृत हुने कर्मचारीको संख्या बढीमा ३ गुणासम्म महाप्रवन्धक समक्ष सिफारिस गर्न सक्नेछ ।
- सिफारिस भई आएकाहरु मध्ये महाप्रवन्धकको अधिकार भित्रको रहेमा महाप्रवन्धकको निर्णयबाट पुरस्कृत हुनेछन् भने संचालक समितिबाट पुरस्कृत गर्नुपर्ने भएमा महाप्रवन्धकले संचालक समिति समक्ष सिफारिस गरि निर्णय भए बमोजिम हुनेछ ।

६) मापदण्डको संशोधन : यो मापदण्डको संशोधन गर्ने अधिकार नेपाल खानेपानी संस्थान संचालक समितिमा निहित रहनेछ ।

महाप्रबन्धक